# मेलम्ची नगरपालिका कार्यालयको

## खुला प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

सूचना नं. १/०७३-०७४

मेलम्ची नगरपालिका, सिन्धुपाल्चोकमा रिक्त रहेका तपशिलका तह, सेवा र समूहका पदहरुको खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३(ख) मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले मेलम्ची नगरपालिका पदपूर्ति समिति बाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई म्यादभित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७३/४/१८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं | पद, तह र सेवा | खुला | समावेशी | | | | जम्मा पद संख्या | परीक्षा मिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १/०७३-७४ | सिभिल इञ्जिनियर, प्राविधिक सेवा, अधिकृत स्तर छैठौं | १ | - | - | - | - | १ | २०७३/७/२४ गते विहान ८ बजे | २०७३/७/२४ गते विहान ११ बजे |
| २. | २/०७३-७४ | सहायक स्तर, प्रशासन सेवा, पाँचौं तह | १ | - | - | - | - | १ | २०७३/७/२५ गते विहान ८ बजे | २०७३/७/२५ गते विहान ११ बजे |
| ३. | ३/०७३-७४ | सव-इञ्जिनियर, प्राविधिक सेवा, सहायक स्तर पाँचौं | १ | १ | - | - | - | २ | २०७३/७/२५ गते दिनको ३ बजे | - |
| ४. | ४/०७३-७४ | सहायक स्तर, प्रशासन सेवा, चौथो तह | ४ | १ | १ | १ | १ | ८ | २०७३/७/२७ गते विहान ८ बजे | २०७३/७/२७ गते विहान ११ बजे |
| ५. | ५/०७३-७४ | असष्टिेन्ट सव-इञ्जिनियर, प्राविधिक सेवा, सहायक स्तर चौथो | १ | १ | - | - | - | २ | २०७३/७/२६ गते विहान ८ बजे | - |
| ६. | ६/०७३-७४ | अमिन, प्राविधिक सेवा, सहायक स्तर चौथो | १ | - | - | - | - | १ | २०७३/७/२६ गते विहान ११ बजे | - |

**द्रष्टव्य:**

| | |
|---|---|
| परीक्षाको किसिम :- | लिखित परीक्षा कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता। |
| परीक्षा केन्द्रः- | पछि सूचना प्रकाशन गरिने छ। |
| परीक्षा दस्तुरः- प्रत्येक थप समावेशी समूहको लागि | अधिकृत स्तर छैठौं तहको लागि रु. १,०००।- सहायक स्तर पांचौ तहको लागि रु. ४००।- (चार सय) र सहायक स्तर चौथो तहको लागि रु.३०० (तीन सय) र रु.२००।- (दुई सय)। |
| उम्मेदवारको उमेर हद :- | दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरको पदको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र सहायक स्तरका पदका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। तर महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। |
| दरखास्त दिने अन्तिम मितिः- | २०७३/५/१४ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र। |
| परीक्षा दस्तुर बुझाउने स्थान :- | मेलम्ची नगरपालिका कार्यालय, मेलम्ची। |
| कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता हुने मितिः- | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ। |
| पदमा रही गर्नुपर्ने कामको विवरणः- | सेवा, समूह सम्बन्धी। |
| तलबः- | प्रचलित स्केल बमोजिम। |

**आवश्यक न्यूनतम योग्यताः-**

| | | |
|---|---|---|
| १) | सिभिल इञ्जिनियर, अधिकृत स्तर छैठौं तहका लागि | - मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग (बि.ई. सिभिल वा सो सरह) उत्तीर्ण गरेको हुनुपर्नेछ । |
| २) | प्रशासन सहायक स्तर पांचौ तहका लागि | - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ । |
| ३) | सव-इञ्जिनियर, पाँचौं तहका लागि | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ । |
| ४) | प्रशासन सहायक स्तर चौथो तहका लागि | - मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी परीक्षा वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ । |
| ५) | असिष्टेन्ट सव-इञ्जिनियर, सहायक स्तर चौथो तहका लागि | - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरी सव-ओभरसियर वा असिष्टेन्ट सव-इञ्जिनियरिङ्ग विषयमा प्राविधिक एसएलसी उत्तीर्ण गरेको हुनुपर्नेछ । |
| ६) | अमिन, सहायक स्तर चौथो तहका लागि | - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा प्राविधिक एसएलसी वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ । |

**द्रष्टव्यः-**

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियमअनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनुपर्नेछ । मेलम्ची नगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७(सात) दिन अगावै मेलम्ची नगरपालिका कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तरवार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशीतर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ज) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :-**

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तरवार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउंदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) **आदिवासी/जनजातिका हकमाः-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) **दलितका हकमाः-** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) **मधेशीका हकमाः**- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात ।

**पदपूर्ति समिति**